**नेपाल बार एशोसिएशन**
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np

प.सं. ०८२/०८३

नेपाल संवत् ११४६ मिति: २०८२ चैत्र १२ गते

**केन्द्रीय कार्यसमिति**
(२०८२-२०८५)

**अध्यक्ष**
वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र

**उपाध्यक्ष**
अधिवक्ता पदम प्रसाद लिम्बु
अधिवक्ता भूपेन्द्र खनाल
अधिवक्ता सरस्वती श्रेष्ठ
अधिवक्ता अजय शंकर झा "रुपेश"
अधिवक्ता विवसकुमार बस्नेत
अधिवक्ता कृष्ण प्रसाद पोखरेल
अधिवक्ता तेज बहादुर रावल
अधिवक्ता सिद्ध राज ओझा

**महासचिव**
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

**कोषाध्यक्ष**
वरिष्ठ अधिवक्ता जगत बहादुर कार्की

**सचिव**
अधिवक्ता बाबुराम अर्याल

**सदस्यहरु**
वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ
अधिवक्ता मंगल सुन्दर शिल्पकार
अधिवक्ता किरण न्यौपाने
अधिवक्ता शारदा गुरुङ
अधिवक्ता दमन बहादुर चन्द
अधिवक्ता सूर्य कुमार यादव
अधिवक्ता डा. मुकुन्द अधिकारी
अधिवक्ता रंजिता कार्की
अधिवक्ता माधव मैनाली
अधिवक्ता रिंकु कुमारी यादव
अधिवक्ता किरण पौडेल
अधिवक्ता इन्दिरा आचार्य
अधिवक्ता चिरञ्जीवी तिल्क्यानी

# प्रेस विज्ञप्ती

२०८२ भदौ २३ र २४ गतेको घटनाका सम्बन्धमा छानविन गर्न गौरी बहादुर कार्कीको संयोजकत्वमा गठित छानविन आयोगको प्रतिवेदन भनी सार्वजनिक सञ्चार माध्यममा प्रकाशित प्रतिवेदन उपर आज मिति २०८२ चैत्र १२ गते विहीबारका दिन नेपाल बार एशोसिएशनको सल्लाहकार समितिसँगको बैठक पश्चात निम्न धारणा सार्वजनिक गर्दछौं ।

१. कार्की आयोगको प्रतिवेदन भनी विभिन्न सञ्चार माध्यममार्फत प्रकाशित प्रतिवेदन प्रथम दृष्टिमै आयोगको तोकिएको कार्यक्षेत्र बाहिर गई शक्ति विभाजनको सिद्धान्तलाई समेत अनदेखा गरी "...सर्वोच्च अदालतको सबै न्यायाधीशको पूर्ण इजलासले संविधान र कानून आफैले संशोधन गर्न सक्नु पर्दछ" भन्नेलगायतको प्रतिवेदनको विषयहरूप्रति नेबाएको प्रारम्भिक रूपमै गम्भीर ध्यानाकर्षण भएको छ । स्वतन्त्र न्यायपालिकाको मूल मर्म र भावना विपरितको कथनप्रति नेबाए असहमति प्रकट गर्दछ ।

२. स्वतन्त्र न्यायपालिका र स्वतन्त्र कानून व्यवसायमा समेत प्रभाव पार्ने बेहोराहरू उक्त प्रतिवेदनमा पर्न गएको जानकारी हुन आएकोले सो विषयमा सम्माननीय प्रधान न्यायाधिशमार्फत सर्वोच्च अदालतको पूर्ण बैठक (फूल कोर्ट) को ध्यानाकर्षण गराउँदछ ।

३. मिति २०८२ भदौ २३ र २४ गतेको घटना सम्बन्धमा जाँचबुझ आयोग ऐन, २०२६ अनुसार गठित आयोगको प्रतिवेदन र यसै विषयमा राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन समेत अध्ययन गर्न नेबाएका अध्यक्ष व.अ. प्रा. डा. विजय प्रसाद मिश्रको अध्यक्षतामा व.अ. सुजन लोप्चन, व.अ. टीकाराम भट्टराई, व.अ. डा. दिनमणि पोखरेल सदस्य र नेबाएका महासचिव व.अ. केदार प्रसाद कोइराला सदस्य सचिव रहने गरी एक अध्ययन समिति गठन गरी उक्त समितिले प्रस्तुत गर्ने प्रतिवेदन पश्चात् तत् सम्बन्धमा नेबाएको अवधारणा प्रकाशनमा ल्याई आवश्यक सबै कार्यक्रम सञ्चालन गर्ने जानकारी गराउँदछौं ।

वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला
महासचिव